# स्थानीय राजपत्र

**शैलुङ गाउँपालिकाद्वारा प्रकाशित**

खण्डः १) संख्याः ०७ ०४ फागुन, २०७४


# भाग–१

## शैलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय काटाकुटी दोलखा
## प्रदेश नं. ३, नेपाल

## "शैलुङ गाउँपालिकाको शिक्षा ऐन, २०७४"

**<u>प्रस्तावनाः</u>** प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (१०२) बमोजिम शैलुङ गाउँपालिकाको गाउँसभाले यो ऐन स्वीकृत गरी जारी गरेकोछ।

## परिच्छेद- एक
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नाम "शैलुङ गाउँपालिकाको शिक्षा ऐन, २०७४" रहेको छ।

२) यो ऐन शैलुङ गाउँपालिका भर लागू हुनेछ।

३) यो ऐनगाउँ सभाबाट स्वीकृत भए पश्चात लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "ऐन" भन्नाले शैलुङ गाउँपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ।

ख) "कार्यपालिका" भन्नाले शैलुङ गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

ग) "कोष" भन्नाले दफा (४६) बमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोषलाई सम्झनु पर्छ।

घ) "गाउँपालिका" भन्नाले शैलुङ गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

ङ) "गाउँसभा" भन्नाले शैलुङ गाउँ पालिकाको गाउँसभालाई सम्झनुपर्छ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्छ।

छ) "बाल विकास शिक्षा केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि सम्झनु पर्छ।

ज) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

झ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

ञ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

ट) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

ठ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

ड) "व्यवस्थापन समिति" भन्नाले दफा (२०) बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ

ढ) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

ण) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभाग/महाशाखा र शाखा वा ईकाईलाई सम्झनु पर्छ।

त) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

थ) "शिक्षा समिति" भन्नाले दफा (१७) बमोजिम गठन हुने शिक्षा समिति सम्झनु पर्दछ।

## परिच्छेद- दर्दु
## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन

३. **<u>विद्यालयको तह दुई प्रकारका हुनेछन् :</u>**

क) आधारभूत तह :बाल विकास केन्द्र, कक्षा ८ सम्म अध्ययन अध्यापन हुनेछ, आधारभूत तह भित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाई प्राथमिक तह र बाल विकास केन्द्र अन्तर्गत वाल हेरचाह केन्द्र, मन्टेश्वरी, किन्डरगार्डेनहरु रहनेछन्।

ख) माध्यमिक तह : कक्षा ९–१२ वा कक्षा १२ सम्म अध्यापन हुने।

४. **<u>माध्यमिक शिक्षाको प्रकारः</u>** माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन्ः-

क) साधारण माध्यमिक शिक्षा ,

ख) संस्कृत माध्यमिक शिक्षा ,

ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ,

५. **<u>शिक्षाको माध्यमः</u>**

१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

क) आधारभूत तह (कक्षा ५) सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ,
ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्नसक्नेछ,
ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

६. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**
गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

७. **विद्यालयको वर्गीकरण:** विद्यालयको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछ।
क) सामुदायिक विद्यालय,
ख) संस्थागत विद्यालय ,
ग) गुठी विद्यालय,

८. **विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्नेः**
१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँपालिका प्रमुख समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ।
२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा शिक्षा समितिको सिफरिसमा गाउ कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिका अध्यक्षलद्वारा अनुमति दिईनेछ।
३) यो ऐन प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका प्रमुख समक्ष निवेदन दिन सक्नेछन।

४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर पन्ध्र दिन भित्र आवश्यक जाँचबुझ गरी शिक्षा समितिमा राय सहित प्रतिवेदन पेश गर्नेछ र माग बमोजिम विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिको सिफारिशमा गाउँपालिका अध्यक्षद्वारा पुनः अनुमति तथा स्वीकृति दिईनेछ।

५) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद द्वारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायिक माद्यमिक शिक्षा (टि-एसइइ) सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा गाउँ शिक्षा समितिको सिफारिशमा गाउँपालिका अध्यक्षले अनुमति प्रदान गर्न सक्नेछ। तर अनुमति दिनु अघि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा तोकिएको मापदण्ड जाँचबुझ र यकिन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नुपर्नेछ।

६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः-

क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ। तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ।

८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिका प्रमुख समक्ष निवेदन दिनु पर्नेछ। गाउँ कार्यपालिकाबाट स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ।

९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिको सिफारिशमा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

१०) माथिका उप–दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन।

११) विद्यालयको कक्षा थप सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **यस अघि दर्ता भएका विद्यालय सम्बन्धी व्यवस्था :**

१) माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम सञ्चालन भएका मानिनेछन्। तर यस अघि सञ्चालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ।

१०. **धरौटी राख्नु पर्नेः** संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :

क) माध्यमिक विद्यालयको लागि पाँच लाख रूपैयाँ,

ख) आधारभूत विद्यालयको लागि दुई लाख पचास हजार रूपैयाँ,

ग) प्राथमिक विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ ,

तर, बिशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सीमान्तकृत वा अति विकट भौगिलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यापालिकाले धरौटी छुट दिन सक्नेछ।

११. **धरौटी रकम जम्मा गरिने :**

१) विद्यालयले दफा (१०) बमोजिमको धरौटी बापतको रकम गाउँ कार्यपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्नेछ।

**१२. सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेण्डर यसै ऐन बमोजिम पालना गर्नुपर्नेछ।**

**१३. गाउँपालिकाले कुनै विद्यालयसँग वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना, सञ्चालन गर्न थप व्यवस्था गर्न सक्नेछ।**

१४. **बाल गृहको सञ्चालनः** गाउँपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले वाल गृह संचालन गर्न पाउनेछ। बाल गृह सञ्चालनको लागि आवश्यक प्रकृया गाउँ शिक्षा समितिको सिफारिशमा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

१५. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः**
गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ। यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय, सूचना केन्द्र र वाचनालय सञ्चालन हुन सक्नेछ।

१६. **गाउँ पालिकाले विद्यालयसार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ। प्राथमिक तहको विद्यालयमा तोकिएका भन्दा कम विद्यार्थी भएमा गाउँ शिक्षा समितिको सिफारिशमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम बाल शिक्षा केन्द्र मात्र कायम राखी त्यस माथिका कक्षाहरु बन्द गर्न सक्नेछ।

२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतीका लागि पेश गर्नुपर्नेछ।

३) उपदफा (२) बमोजिम पेश हुन आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिशमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृती दिन सक्नेछ।

४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन । माध्यमिक तहको हकमा कम्तिमा ५०,००,०००।- ( पचास लाख रुपैया मात्र), आधारभूत तहको हकमा कम्तिमा ३०,००,०००। (तीस लाख रुपैया मात्र) प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन।

## परिच्छेद – तीन
## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

**१७. <u>गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः</u>**

१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-

क) गाउँ कार्यपालिका अध्यक्ष - संयोजक

ख) गाउँ कार्यपालिकाका महिला तथा दलित समेत तीन जना सदस्यहरु – सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी - सदस्य

घ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी समितिले तोकेको एक जना प्रधानाध्यापक - सदस्य

ङ) संस्थागत विद्यालयहरुको प्रतिनिधि मुलक संस्था मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी प्रमुख वा अध्यक्षले तोकेको प्रतिनिधि एक जना - सदस्य

च) गाउँपालिका स्तरीय अभिभावक संघका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी अध्यक्षले तोकेको प्रतिनिधि एक जना - सदस्य

छ) गुठी वा परम्परागत धार्मिक विद्यालयका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी गाउँपालिकाको अध्यक्षले तोकेको सदस्य एक जना - सदस्य

ज) गाउँ शिक्षक महासंघको प्रमुख वा प्रतिनिधि एक जन – सदस्य

झ) शिक्षा अधिकृत - सदस्य-सचिव

२) पेशागत शिक्षक, संघ, संगठनका प्रमुख वा प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा गाउँ शिक्षा समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

३) समितिको बैंठक संचालन प्रकृया, बैंठक भत्ता तथा सेवा सुविधा गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ।

४) उपदफा (१) अनुसार नियुक्त सदस्यले पदीय आचरण पूरा नगरेमा गाउँ कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ। तर त्यसरी हटाउन वा बर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकाबाट वञ्चित गरिने छैन।

५) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) शिक्षा शाखाबाट पेश भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिको लागी कार्यपालिकामा पेश गर्ने,

ख) गाउँपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी आवश्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने,

ग) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

घ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिश गर्ने,

ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने,

ञ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

ट) विद्यालय बन्द गर्न सिफारिश गर्ने,

ठ) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,

ड) गाउँ स्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा शाखालाई निर्देशन दिने,

ढ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने।

ण) गाउँ कार्यपालिका तथा गाउँ सभाबाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक निर्देशन दिने।

त) विद्यालयले कायम गर्नुपर्ने न्युनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने।

थ) गाउँ क्षेत्रभित्र विशेष आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने,

द) विद्यालय सुधार तथा विकासका लागि नीति निर्देशन गर्ने।

१८. **गाउँपालिका अन्तर्गतका शिक्षा सम्बन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न, एक जना शिक्षा अधिकृत रहने छन्। निज को काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ:**

क) गाउँ कार्यपालिकाबाट स्वीकृत शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

ख) शिक्षा सम्बन्धी कुनै प्रस्ताव गाउँपालिकामा पेश गर्नुपर्ने भए प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गर्ने,

ग) शिक्षा सम्बन्धी गाउँ नगर स्तरीय योजना बनाई कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्ने,

घ) स्थानीय तहको शिक्षाको अवस्था, प्रगति आदि समेटिएको शिक्षा सम्बन्धी स्थितिपत्र तयार गरी प्रत्येक वर्षको चैत्र मसान्त भित्र प्रकाशित गर्ने,

ङ) स्वीकृत अनौपचारिक शिक्षा, विशेष आवश्यकता शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा सो सम्बन्धी अभिलेख तयार गर्ने,

च) विद्यार्थी संख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को सामुदायिक विद्यालयमा मिलान गर्न शिक्षा समितिमा सिफारिश गर्ने,

छ) स्वीकृत कार्य योजना अनुसार विद्यालय सञ्चालन भए नभएको

सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरीवेक्षण गरी त्यसको प्रतिवेदन तयार गर्ने,

ज) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक, प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि समय समयमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

झ) आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्न परीक्षा सञ्चालन समितिको सदस्य सचिव भइ कार्य गर्ने,

ञ) विद्यालयको कक्षा ५ तथा ८ को परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तर पुस्तिका झिकाई परीक्षण, विद्यालयमा शिक्षाको गुणस्तर बृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका लागि आवश्यक काम गर्ने,

ट) गाउँपालिका भित्र कम्पनी ऐन अन्तर्गत दर्ता भएका वा संस्थागत विद्यालयहरुको शैक्षिक कार्य योजनाको समन्वय र अनुगमन गरी सुधारका लागि सुझाव प्रस्तुत गर्ने,

ठ) ऐन बमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नु पर्ने नपर्ने सम्बन्धमा निरीक्षण गरी विद्यालयको स्तर बढाउनु, सुधार गर्नु वा विद्यालय बन्द गर्नु पर्ने भएमा तत् सम्बन्धी कारबाही प्रक्रिया अगाडि बढाउने ,

ड) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको लागि रजिष्ट्रेशन फाराम भरेका विद्यार्थीको नाम, थर, उमेर प्रचलित कानून बमोजिम संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने,

ढ) नियुक्ति वा बढुवाको लागि आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति गर्ने,

ण) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने,

त) शिक्षक वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी त्यसको विवरण आयोगमा पठाउने,

थ) विद्यालय र प्रारम्भिक बाल शिक्षा केन्द्रको निरीक्षण गर्ने, गराउने,

द) मन्त्रालयले तोकिदिए बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयहरूको समूह विभाजन गरी स्रोत केन्द्र निर्धारण गर्ने र स्रोत केन्दबाट विद्यालयको निरीक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप गर्ने,

ध) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा, माध्यामिक शिक्षा परीक्षा र

आधारभूत तहको अन्त्यमा हुने परीक्षालाई नियमित र मर्यादित ढङ्गबाट सञ्चालन गर्ने, गराउने,

न) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी शैक्षिक सत्रको सुरुमा मिलान गर्न शिक्षा समितिमा सिफारिश गर्ने,

प) निरीक्षकलाई विद्यालय निरीक्षणको सुचक बनाई निरीक्षण गर्न पठाउने र निरीक्षकले विद्यालय निरीक्षण गरे नगरेको यकिन गर्न स्थलगत निरीक्षण गर्ने,

फ) गाउँपालिकाबाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने .

ब) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने, गराउने,

भ) विद्यालयमा लागू गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री सम्बन्धमा सुधार गर्नुपर्ने र निःशुल्क पाठ्यपुस्तकको वितरण प्रणालीलाई प्रभावकारी बनाउने विषयमा व्यवस्थापन समिति तथा शिक्षकको राय लिई सुझाव पठाउने तथा सो सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने,

म) लेखा परीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र वेरुजु फर्छ्यौट गर्न लगाउने,

य) सरकारी तथा गैरसरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय गर्ने,

र) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने,

ल) विद्यालयको वार्षिक शैक्षिक कार्यक्रमको नियमित रूपमा अनुगमन गरी सो वार्षिक शैक्षिक कार्यक्रम अनुसार गर्ने, गराउने,

(व) विद्यालय निरीक्षक र स्रोत व्यक्तिले दिएको निरीक्षण प्रतिवेदन उपर कारबाही गर्ने,

(श) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने, गराउने,

(ष) सामुदायिक विद्यालयको स्वीकृत, रिक्त दरबन्दीमा पदपूर्तिको लागि आयोगमा लेखी पठाउने,

(स) कार्यपालिकाबाट स्वीकृत मापदण्डको आधारमा शिक्षकको सरुवा तयारी गर्ने,

(ह) विद्यालय व्यवस्थापन समितिको सिफारिशमा शिक्षकलाई

विद्यालय समय बाहेक वा विद्यालयको नियमित पठन पाठनमा असर नगर्ने गरी अतिरिक्त समयमा अन्यत्र कार्य गर्न पूर्व स्वीकृति प्रदान गर्ने, (क्ष) कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ,प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरुलाई पुरस्कारतथा दण्डका लागि गाउँकार्यपालिका समक्ष सिफारिश गर्ने ,

(त्र) निजी, धार्मिक तथा गुठी विद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि कार्यपालिका समक्ष सिफारिश गर्ने ,

(ज्ञ) गाउँकार्यपालिका , राष्ट्रिय परीक्षा बोर्ड र शिक्षासँग सम्बन्धित आयोगहरुबाट निर्देशित वा प्रत्यायोजित कार्य गर्ने ,

**१९. <u>निरीक्षक:</u>** शिक्षा सम्बन्धी काम गर्न १ जना निरीक्षक रहनेछ। नीजको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**२०. <u>विद्यालय व्यवस्थापन समिति :</u>**

१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

क) विद्यालयका अभिभावकले आफूहरु मध्येबाट छनौट भएका एकजना - अध्यक्ष

ख) विद्यालयका अभिभावकले आफूहरु मध्येबाट चुनेको एक जना महिला र एक जना दलित सहित दुई जना -सदस्य

ग) गाउँपालिकाको एकजना प्रतिनिधि -सदस्य

घ) विद्यालय हेर्न तोकिएको विद्यालय निरीक्षक -सदस्य

ङ) सम्बन्धित विद्यालय हेर्ने स्रोत व्यक्ति - सदस्य

च) वरिष्ठ शिक्षक एक जना -सदस्य

छ) विद्यालय शिक्षक अभिभावक संघका अध्यक्ष - सदस्य

ज) विद्यालय स्तरीय बालक्लव ले मनोनयन गरेको एक बालक र एकजना बालिका गरी दुई जना स्थायी आमन्त्रित -सदस्य

(झ) प्रधानाध्यापक -सदस्य सचिव

२) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि चार वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले

निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

३) विद्यालयलाई शान्तिक्षेत्र र बालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ।

४) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

(घ) तालिममा जाने शिक्षक तथा कर्मचारीलाई तालिमबाट फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नुपर्ने सम्बन्धमा शर्तहरू निर्धारण गरी कबुलियतनामा गराउने,

(ङ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षाको लागी पहल गर्ने,

(च) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने र त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने,

(छ) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र शिक्षा शाखामा लेखी पठाउने,

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने,

(झ) कुनै शिक्षक वा कर्मचारीलाई यस नियमावली बमोजिम व्यवस्थापन समितिले कारबाही गर्न पाउने विषयमा विभागीय कारबाही गरी त्यसको जानकारी शिक्षा शाखालाई दिने तथा आफूलाई कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि सिफारिश गर्नुपर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन शिक्षा शाखामा पठाउने,

(ञ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामाग्रीहरूको व्यवस्था गर्ने,

(ट) नेपाल सरकारबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ठ) विद्यार्थीहरूले पालना गर्नुपर्ने आचार संहिता बनाई लागू गर्ने,
(ड) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अध्यावधिक गराई राख्ने,
(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,
(ण) गाउँपालिकाबाट तोकिएको लेखा परीक्षक मार्फत लेखा परीक्षण गराउने ,
(त) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने,
(थ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,
(द) निरीक्षकले विद्यालयको चेक जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएको दिनको तलब कट्टी गर्ने,
(ध) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,
(न) स्थानीय तहसँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,
(प) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा स्थानीय तह तथा स्थानीय शिक्षा शाखा मार्फत गर्ने,
(फ) वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,
(ब) विद्यालयको  विपद, जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनिकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,
(भ) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,
(म) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारबाहीलाइ् व्यवस्थित गर्न कार्यविधि बनाई शिक्षा समितिबाट स्वीकृत गराई लागू गर्ने,
(य) स्थानीय तह, स्थानीय शिक्षा समिति र शिक्षा शाखाले दिएको निर्देशन अनुरूप काम गर्ने।
(र) शिक्षक एवं कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत गर्ने,
(ल) विद्यालयको पढाई व्यवाहारिक, सीपमूलक, र स्तरीय बनाउन प्रतिस्पर्धी तथा सहयोगी भूमिका खेल्ने,

व) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा सार्वजनिक परीक्षण गराउने,

(४) विद्यालय व्यवस्थापन समितिले गाउँ कार्यपालिकाको स्वीकृति लिइ आफ्नो कार्यविधि आफैं बनाउन सक्ने छ।

(५) विद्यालय व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **शिक्षक अविभावक संघः** सबै विद्यालयमा शिक्षक र अविभावकहरु रहेको एक शिक्षक अविभावक संघ रहनेछ । यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद – चार
## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरबन्दी, सेवाशर्त र योग्यता

२२. **गाउँपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्नेः**

१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरबन्दी निर्धारण गाउँपालिकाले गर्नेछ।

२) गाउँपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्दा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा संघीय वा प्रादेशीक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नुपर्नेछ।

३) उपदफा (१) बमोजिमका दरबन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ।

२३. **शिक्षकको सेवा शर्त, योग्यता र सक्षमताः** शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ।

२४. **शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिश गर्न सक्नेछ।

क) बिना सूचना लगातार १५ (पन्ध्र) दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

ङ) शिक्षक वा कर्मचारी कुनै राजनीतिक दलको गतिविधिमा संलग्न रहेको पाइएमा,

च) निजले अध्यापन गरेको विषयमा तीन वर्षको औषत शैक्षिक उपलब्धी ४०% (चालीस प्रतिशत) भन्दा कम भएमा ,

२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँ शिक्षा समितिको सिफारिशमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ, तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौकाबाट भने बञ्चित गरिने छैन।

## परिच्छेद - पाँच
## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

**२५. <u>शिक्षक तथा कर्मचारीको नियुक्तिः</u>**

१. विद्यालयमा कायम भएको रिक्त दरबन्दीमा शिक्षक वा कर्मचारी करारमा नियुक्तिको व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ :

क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष

ख) गाउँपालिकाको उपध्याक्ष -सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

घ) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -सदस्य

ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य

च) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा शिक्षा अधिकृतले तोकेको प्रतिनिधि -सदस्य सचिव

२. प्रचालित ऐन नियम र उपदफा (१) बमोजिमको समितिले तोकेको मापदण्डको आधारमा विद्यालयमा शिक्षक वा कर्मचारी करारमा

व्यवस्था गर्नको लागि देहाय बमोजिमको शिक्षक तथा कर्मचारी छनौट उप–समिति गठन गरिनेछ :–

क) शिक्षा अधिकृत - संयोजक

ख) सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष वा नीजले तोकेको एक जना -सदस्य

ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

३. उपदफा (२) बमोजिमको उप-समितिमा विषय विशेषज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ।

४. शिक्षक तथा कर्मचारी करारमा नियुक्ती सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. <u>**प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः**</u>

१) सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछन।

२) प्रधानाध्यापकको नियुक्ति सम्बन्धित पदको जेष्ठताको अतिरिक्त देहाय बमोजिम हुनेछ :

क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिशमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ।

ख) आधारभूत तहमा प्रधानाध्यापक हुन स्नातक उपाधि प्राप्त स्थायी शिक्षक हुनुपर्नेछ । सो नभएमा प्रविणता प्रमाण-पत्र तह वा सो सरह योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिशमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्त गरिनेछ।

(ग) प्रधानाध्यकपले नियुक्ति हुनु पूर्व पाँच बर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ।

(घ) प्रधानाध्यापकको कार्यकाल पाँच वर्षको हुनेछ । निज बढीमा दुई कार्यकाल मात्र सो पदमा वहाल रहन पाउनेछ।

(ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ।

(च) निजले पेश गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा गाउँ शिक्षा समितिले हटाउन सक्नेछ, तर एक पटक स्पष्टिकरणको मौका दिइनेछ।

(छ) प्रधानाध्यापकको नियुक्ती, काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## २७. शिक्षकको सरुवाः

(१) सबै शिक्षकको हकमा निजले कुनै एक विद्यालयमा अधिकतम पाँच वर्ष सेवा गरे पश्चात अर्को विद्यालयमा सरुवा गरिनेछ । यसरी सरुवा गर्दा सरुवा भै जाने विद्यालयको छनौट सम्बन्धित शिक्षकको रोजाई अनुसार प्राथमिकतामा राखिनेछ, तर सो विद्यालयमा आफ्नो विषयको दरबन्दी खाली भएको हुनुपर्नेछ। यस बमोजिम अवधि पुगेका शिक्षकले सरुवा हुन नचाहेमा वा विद्यालय नरोजेमा पनि सरुवा गर्न बाधा पर्ने छैन।

(२) न्यूनतम दुई वर्षसम्म एउटै विद्यालयमा अध्यापन गरेका स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा गाउँ शिक्षा समितिमा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँ शिक्षा समितिले आफ्नो क्षेत्रभित्रका दरबन्दी उपलब्ध भएका र सम्बन्धित विद्यालय व्यवस्थापन समितिले सहमति प्रदान गरेको विद्यालयमा सरुवा गर्न सकिनेछ।

(३) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ । विशेष अवस्थामा अवधी नपुगेका शिक्षकको पनि सरुवा गर्न सकिनेछ।

**पुनश्चः** विशेष अवस्था भन्नाले नीज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरबन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेतलाई बुझाउँछ।

(४) शिक्षकको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## २८. दरबन्दी मिलानः

१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरबन्दी मिलानका लागि गाउँ कार्यपालिका समक्ष सिफारिश गर्न सक्नेछ।

२) यसका लागि विद्यार्थी अनुपातमा शिक्षक कम भएका विद्यालयलाई प्राथमिकता दिइनेछ।

**२९. शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः**

हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय कानुन बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ती पाएका करार शिक्षककहरुको बढुवा हुनेछैन।

**३०. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा भने खटाउन सकिनेछ।

**३१. कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेः**

शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ।

१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षकहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ।

२) कार्य सम्पादन करार सम्झौता एक वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ।

**३२. कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कार**

१) कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा उत्कृष्ट नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र तोकिए बमोजिमको नतिजा हासिल गर्न नसक्ने शिक्षक, कर्मचारीलाई दण्डित गरिनेछ।

२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय सम्बन्धी व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद - छ
## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

३३. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण :**

१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षा कोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनुपर्नेछ।

२) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ।

३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठन पाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुबिधा हुनु पर्नेछ।

३४. **विद्यालयको सम्पत्तिः**

(१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ।

(२) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नेछ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(४) कम्पनी ऐन अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको

रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ पालिकाको अनुमति लिनु पर्नेछ।

**३५. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन**

१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ। सो विद्यालय खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले भोग चलन गर्न सक्नेछ।

२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहनेछ।

३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिकाको रहनेछ।

**३६. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः**

१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ। विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ। साथै स्थानीय तहको विद्यालयमा पठनपाठन हुने पाठयक्रम मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा माग गर्नुपर्नेछ।

३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ।

४) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामाग्री, थप स्वाध्ययन सामाग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध गर्नुपर्नेछ।

५) पाठ्यक्रम र पाठ्य पुस्तक सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३७. अतिरिक्त शैक्षिक क्रियाकलापः** विद्यालयले पाठ्यक्रममा आधारित

सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु बालक्लव गठन, वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन अवलोकन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामूखी क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ।

## परिच्छेद – सात
## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन र नियमन

**३८. <u>संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमती वा स्वीकृती लिनु पर्नेछ।</u>**

**३९. <u>संस्थागत विद्यालयको व्यवस्थापन समिति</u>**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ:-

क) विद्यालयको संस्थापक वा लगानीकर्ता मध्येबाट गाउँपालिकाद्वारा मनोनित - अध्यक्ष

ख) अभिभावक मध्येबाट कम्तीमा एक महिला सहित दुई जना -सदस्य

ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्येबाट गाउँ शिक्षा समितिद्वारा मनोनित एक जना -सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा स्रोत व्यक्ति - सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एक जना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ।

**४०. <u>संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :</u>**

१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

ग) नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने,

घ) प्रचलित कानुन बमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्त गर्ने,

ङ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,

च) अनुशासनहीन शिक्षक,कर्मचारी उपर कारबाही गर्ने,

छ) कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने,

२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४१. <u>संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :</u>**

१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्बन्धित वडा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष पेश गर्नुपर्नेछ।

२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रकृया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नुपर्नेछ।

**४२. <u>शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्ने:</u>**

गाउँ शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ।

**४३. <u>अनुगमन तथा मूल्याङ्कन :</u>**

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न र निर्देशन दिन सक्नेछ। यस्तो निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको कर्तव्य हुनेछ।

४४. **अनुमति वा स्वीकृति रद्द गर्ने :** कुनै संस्थागत विद्यालयले प्रचलित कानुन र नियम विपरित कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट भने बञ्चित गरिने छैन।

## परिच्छेद – आठ
## परीक्षा सञ्चालन, समन्वय तथा गुणस्तर मापन

४५. **गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयको लागि देहाय बमोजिमको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ।**

क) शिक्षा समितिको अध्यक्ष-अध्यक्ष
ख) प्रमुख प्रशासकीय अधिकृत-सदस्य
ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधी-सदस्य
घ) प्रमुख, सम्बन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय -सदस्य
ङ) प्रमुख, सम्बन्धित स्थानीय तहमा रहेको शसत्र प्रहरी बल-सदस्य
च) शिक्षा अधिकृत -सदस्य-सचिव

१) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। साथै परीक्षालाई व्यवस्थित तथा मर्यादित बनाउन यस समितिले उप-समिति गठन गर्न सक्नेछ।

२) स्थानीय तहको क्षेत्राधिकार बाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्बन्धित निकायबाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ।

३) कक्षा ३, ५ (उपलब्धी मापन) र कक्षा ८ को वार्षिक परीक्षा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड बमोजिम समितिले गर्नेछ।

४) उपदफा २ र ३ बाहेकको कक्षाहरुको परीक्षा भने परीक्षा सञ्चालन तथा समन्वय समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नुपर्नेछ।

५) संस्थागत विद्यालयले लिने परीक्षा शुल्क, अन्य शुल्क सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

६) शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद – नौ
## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन,

४६. **विद्यालय कोषः**

१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम दाखिला हुनेछः-

क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

घ) अन्य स्रोतबाट प्राप्त रकम।

४७. **अनुदानको व्यवस्था :**

१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान उपलब्ध गराउनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ।

२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

३) गाउँपालिकाले बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ।

४८. **बजेट तयार गर्ने :** प्रधानाध्यापकले प्रत्येक वर्षको बैशाख मसान्त भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा पठाउनु पर्नेछ।

४९. **लेखा व्यवस्थापन :**

१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय – व्ययको लेखा व्यवस्थापन गर्नुपर्नेछ।

२) नियमित कारोबारको लेखा राख्न कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनुपर्नेछ।

**५०. सामुदायिक विद्यालयको खाता सञ्चालन :**

१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ।

२) विद्यालयको बैंक खाता प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ, तर लेखा हेर्ने कर्मचारी नभएमा खाता सञ्चालन प्रधानाध्यापक र गाउँ शिक्षा समितिको सिफारिशमा गाउँ कार्यापालिकाले तोके बमोजिमको शिक्षक वा विद्यालय व्यवस्थापन समितिका अध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ।

**५१. लेखा परीक्षण तथा सामाजिक परीक्षण :**

१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा समितिले तोकेको दर्तावाल ( रजिष्ट्राड) लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको पन्ध्र दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ।

३) प्रत्येक बर्ष विद्यालयले तोके बमोजिमको अबधि भित्र सामाजिक परीक्षण गरी विद्यालयको शैक्षिक उपलब्धी, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सार्वजनिक तथा अनुमोदन गर्नुपर्नेछ।

४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेश गरी पृष्ठपोषण लिनुपर्नेछ।

**५२. छात्रवृतिको व्यवस्था गर्न सक्नेः**

गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

**५३. शुल्कसम्बन्धी व्यवस्थाः**

१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाइने छैन।

४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाइने छैन।

५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुको वर्गीकरणको आधार लिइने छ।

६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ। यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

**५४. विद्यालयलाई छुट र सुविधा :**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ।

३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद – दश
## विविध

**५५. गाउँपालिकाले निर्देशन दिन सक्ने:**

१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ।

२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**५६. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः**

१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउनेछैन।

२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ।

**५७. प्रगति विवरण बुझाउनु पर्ने :**

विद्यालयले प्रत्येक वर्ष तोकिएको समयमा तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिका कार्यालयमा बुझाउनु पर्नेछ।

**५८. शिक्षक वा कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउने :**

विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न, सञ्चालनका लागि लगानी गर्न वा व्यवस्थापन सम्बन्धि कुनै कार्य गर्न पाउने छैन।

**५९. स्थानीय शिक्षा विकास कोष**

१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विपन्न, प्राकृतिक प्रकोप पिडित र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र शिक्षकलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ।

२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ :

क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

घ) अन्य स्रोतबाट प्राप्त रकम।

३) कोषको सञ्चालन गाउँपालिकाको प्रमुख, शिक्षा हेर्ने कार्यपालिका सदस्य र शिक्षा अधिकृत रहेको तीन सदस्यीय समितिबाट हुनेछ।

**६०. दण्ड सजायः**

१. कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ।

२. कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछः-

क) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

ख) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

घ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

ङ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

च) कानून विपरीतको अन्य कार्य गरेमा।

३. विद्यालयको शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि निलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम सजाय गरिनेछ।

**६१. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ।

**६२. नियम बनाउने अधिकारः**

१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ पालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

**६३. संक्रमण कालीन व्यवस्था :**

१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ कार्य पालिकाले दिन सक्नेछ।

**६४. <u>बाधा अडकाउ फुकाउने अधिकारः</u>**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँ पालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ। तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ।

**६५. <u>बचाउ र लागू नहुनेः</u>**

१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कारवाही चलाउन बाधा पर्नेछैन।

३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाँझिएको हदसम्म स्वतः निश्क्रिय हुनेछ।

४) यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा यस अघि भएका कार्यहरु यसै ऐन बमजिम भएको मनिनेछ।

**प्रमाणिकरण मिति : २२ माघ, २०७४**

**आज्ञाले,**
**रमेश विश्वकर्मा (सुनार)**
**प्रमुख प्रशासकीय अधिकृत**